# फालेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थोक्लिम्बा, पाँचथर　　१ नं. प्रदेश नेपाल　　कार्यलय नं ०२१६९६४९०

पत्र संख्या :२०७६/०७७　　मिति:२०७६।०५।०३

चलानी नम्बर : १६१

श्री सरोकारवाला सम्पुर्ण

विषय : सम्पत्ति विवरण बुझाउने सम्वन्धमा पुन: स्मरण गराईएको वारे ।

प्रस्तुत विषयमा आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र नेपाल सरकारको विनियोजनवाट तलव भत्ता वा अन्य कुनै पनि किसिमको सुविधा लिने निर्वाचित पदाधिकारीहरु तथा राष्ट्रसेवक कर्मचारीहरुले तोकिएको ढाँचामा सम्पत्ति विवरण भरि तोकिएको निकायमा पेश गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार यस गाउँपालिकाका सम्पुर्ण गाउँसभा सदस्य ज्युहरु, साविक स्थानीय निकायमा स्थायी नियुक्ति भई हाल यस गाउँपालिकामा समायोजन हुनुभएको राष्ट्रसेवक कर्मचारी ज्युहरु , गाउँकार्यपालिकाको कार्यालय , वडा कार्यालय, स्वास्थ्य चौकी , सामुदायिक स्वास्थ्य इकाई , सामुदायिक स्वास्थ्य केन्द्रमा करार वा ज्यालादारीमा कार्यरत कर्मचारीहरु, "गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अस्थायी, करार , ज्यालादारी , निजी श्रोतमा कार्यरत शिक्षक, कर्मचारी , वालविकास सहजकर्ताहरुले मिति ०७६।०५।२८ गते भित्र तोकिएको ढाँचामा शिलवन्दि गरि आर्थिक वर्ष ०७५।०७६ सालको सम्पत्ति विवरण गाउँपालिकाको प्रशासन शाखामा दर्ता गर्नु हुन पुन: यो सुचना प्रकाशन गरिएको छ ।

**खामको बाहिरी भागमा लेखिने विवरणको ढाँचा :**

| | | | |
|---|---|---|---|
| नाम थर | ठेगाना | पद | हालको पदमा नियुक्ति भएको वा शपथ ग्रहण भएको मिति : |
| श्रेणी/तह | आर्थिक वर्ष | कार्यरत निकाय/संस्था | |

नोट : दर्ता गरि दर्ता नं लिई जानुहोला । तोकिएको मिति भित्र दर्ता नभएमा प्रचलित कानुन वमोजिम जरिवाना लाग्नेछ ।

०७६/०५/०४

मौसम ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ :

१. श्री ठाकुर सर ( सम्पत्ति विवरण दर्ता किताव खडा गरि दर्ता गर्ने )

"फालेलुङको समृद्धिको आधार","कृषि, पर्यटन, जलस्रोत र भौतिक पूर्वाधार"